नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति : २०६८।४।१६**

१. यस कार्यालयको लागि आ.व. २०६८।६९ मा तपसिल बमोजिमका सेवा दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्थाहरुबाट निम्न शर्तहरुका अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | सेवाको विवरण | संख्या |
|---|---|---|---|
| १ | ०१/०६८।६९ | कार्यलय भवन तथा भवनले चर्चेको क्षेत्रको सुरक्षा गर्न Security Guard को सेवा । | ४ जवान |

२. दरभाउपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले दरभाउपत्रसाथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख) मू.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि

ग) दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसायसम्वन्धी कसुरमा आफूले सजायं नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

घ) आ.व. २०६६।६७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. दरभाउपत्र फाराम रु. ३००।- (तीन सय) तिरी यस कार्यालयबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मिति देखि १५ औं दिनको कार्यालय समयसम्म खरिद गरी १६ औं दिनको १२ बजेसम्म सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

४. दरभाउपत्रमा दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

५. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट ४५ दिन हुनेछ । दरभाउपत्रदाताले दरभाउपत्रसाथ कबोल गरेको रकमको कम्तिमा २.५ प्रतिशत ले हुन आउने रकममा नघटाई दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा ३० दिन बढी अवधिको मान्यता प्राप्त **क** बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेण्टी (बिड वण्ड) को सक्कल प्रति वा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । नगद जमानतका लागि ने.रा.बैंक, थापाथलीस्थित यस कार्यालयंको स.अ.धरौटी खाता नं. १३१३०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. पेश हुन आएका सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको १.०० बजे दरमाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१०. सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

११. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३. यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१४. यो सूचना यस कार्यालयको वेभसाईट www.fcgo.gov.np. मा समेत हेर्न सकिनेछ ।

लेखा अधिकृत